आ.व. 2026 (रेइवा 8) खानागावा हाई स्कूल पूरक छात्रवृत्ति कोष
(विस्तृत जानकारी: पूर्णकालीन, अंशकालीन, पत्राचार कोर्स)

खानागावा प्रिफेक्चर शिक्षा बोर्ड, शिक्षा ब्युरो
प्रशासन महाशाखा, वित्त विभाग, हाई स्कूल छात्रवृत्ति समूह

(अगस्ट 2026)

1 छात्रवृत्ति कोष भनेको के हो?

- यो कार्यक्रमले हाई स्कूल विद्यार्थी भएका न्यून र मध्यम आयका परिवारलाई सहयोग गर्छ, ताकि पढ्न चाहने हरेक विद्यार्थीले चिन्ता नगरी पढ्न सकून्।

- यो ट्युसन बाहेकका स्कूल खर्च (※)का लागि **अनुदान** हो।
- **यो पैसा फिर्ता तिर्नु पर्दैन**।

※ट्युसनबाहेकका स्कूल खर्चमा यी पर्छन्: पाठ्यपुस्तक, शैक्षिक सामग्री, स्कूल सामग्री, आवतजावतका सामान, अतिरिक्त क्रियाकलाप, विद्यार्थी परिषद् शुल्क, PTA शुल्क, स्कूल सुरु गर्दा चाहिने सामान, शैक्षिक भ्रमण, सञ्चार खर्च आदि।

2 योग्यता

○तलका (1)–(3) **सबै** सर्त पूरा गर्नुपर्छ।

(1) जुलाई 1, 2026 (रेइवा 8) मा अभिभावक खानागावा प्रिफेक्चरमा बसोबास गरिरहेको हुनुपर्ने।

(2) जुलाई 1, 2026 मा तपाईंको परिवार तलको कुनै एक हुनुपर्ने:

- **सार्वजनिक सहायता (seikatsu hogo) पाउने परिवार** (पेशागत सहायता पाउने परिवार)
- **निवासी कर (juminzei) छुट भएको परिवार** (अभिभावकको आयमा आधारित निवासी कर ¥0)
- **पारिवारिक वार्षिक आम्दानी लगभग ¥27–38 लाख** (अभिभावकको आयमा आधारित निवासी कर: ¥100 देखि ¥105,500 भन्दा कम)
- **पारिवारिक वार्षिक आम्दानी लगभग ¥38–49 लाख** (आयमा आधारित निवासी कर: ¥105,500 देखि ¥182,500 भन्दा कम)

(3) जुलाई 1, 2026 मा विद्यार्थी हाई स्कूल (वा समान स्कूल) मा अध्ययनरत हुनुपर्ने।

- “विद्यार्थी” भन्नाले हाई स्कूल ट्युसन सहायता कोष (shugaku shienkin), हाई स्कूल विद्यार्थीका लागि नयाँ अध्ययन सहायता कोष, वा पुनः भर्ना अध्ययन सहायता कोष पाउन योग्य विद्यार्थी हो।
- “हाई स्कूल (वा समान स्कूल)” भन्नाले: हाई स्कूल (विशेष कोर्स बाहेक), माध्यमिक स्कूल (माथिल्लो तह), प्राविधिक कलेज (वर्ष 1–3), र हाई स्कूलजस्तै कोर्स भएका विशेष वा विविध स्कूल (विशेष सहायता स्कूलको हाई स्कूल विभाग बाहेक)।

(※राष्ट्रियता र निवास स्थिति (zairyu shikaku) सम्बन्धी सर्त पनि छन्।)

2-1 तपाईं योग्य हुनुहुन्छ कि जाँच गर्नुहोस्

जुलाई 1, 2026 मा अभिभावक खानागावा प्रिफेक्चरमा बस्नुहुन्छ?

होइन → आफू बस्ने प्रिफेक्चरमा सोध्नुहोस्।
※जापान बाहिर बस्नुहुन्छ भने योग्य छैन

हो ↓

जुलाई 1, 2026 मा विद्यार्थी राष्ट्रिय वा सार्वजनिक हाई स्कूल (वा समान) मा भर्ना छ?

होइन → योग्य छैन

हो ↓

(1)–(7) मध्ये कुनै एक लागू हुन्छ?
(1) जापानी नागरिक (2) विशेष स्थायी बासिन्दा (3) स्थायी बासिन्दा
(4) जापानी नागरिकको पति/पत्नी वा सन्तान
(5) स्थायी बासिन्दाको पति/पत्नी वा सन्तान
(6) भविष्यमा जापानमा स्थायी रूपमा बस्ने इच्छा भएको मानिएका दीर्घकालीन बासिन्दा (7) पारिवारिक भिसामा जापानमा प्राथमिक र जुनियर हाई स्कूल पूरा गरेका, र हाई स्कूलपछि जापानमा काम गरेर बस्ने इच्छा भएको मानिएका व्यक्ति

होइन → विद्यार्थी अप्रिल 2026 वा सोपछि भर्ना भएको हो (जस्तै नयाँ विद्यार्थी)?

होइन → निवास स्थिति “विद्यार्थी” हो?

हो → योग्य छैन

होइन ↓

हो ↓

(1)–(2) मध्ये कुनै एक लागू हुन्छ?
(1) जुलाई 1, 2026 मा सार्वजनिक सहायता (पेशागत सहायता) पाउने परिवार
(2) आ.व. 2026: सबै अभिभावकको आय-आधारित कर जम्मा ¥0 (कर छुट परिवार)

होइन → योग्य छैन

हो ↓

(1)–(3) मध्ये कुनै एक लागू हुन्छ?
(1) जुलाई 1, 2026 मा सार्वजनिक सहायता (पेशागत सहायता) पाउने परिवार
(2) आ.व. 2026 मा सबै अभिभावकको आयमा आधारित निवासी करको जम्मा ¥0 (कर छुट परिवार)
(3) आ.व. 2026 मा सबै अभिभावकको आयमा आधारित निवासी करको जम्मा ¥182,500 भन्दा कम

होइन → योग्य छैन

हो ↓

छात्रवृत्ति कोषका लागि योग्य

3 अनुदान रकम

परिवार वर्ग	सर्त	पूर्णकालीन अंशकालीन	पत्राचार
①सार्वजनिक सहायता पाउने परिवार	जुलाई 1 मा पेशागत सहायता पाइरहेको	¥32,300	
②निवासी कर छुट भएको परिवार	सबै अभिभावकको आयमा आधारित निवासी करको जम्मा ¥0 (① बाहेक)	¥143,700	¥50,500
③पारिवारिक आम्दानी लगभग ¥27–38 लाख	सबै अभिभावकको आयमा आधारित निवासी करको जम्मा ¥105,500 भन्दा कम (①② बाहेक)	¥47,900	¥16,830
④पारिवारिक आम्दानी लगभग ¥38–49 लाख	सबै अभिभावकको आयमा आधारित निवासी करको जम्मा ¥182,500 भन्दा कम (①–③ बाहेक)	¥35,930	¥12,630

- विदेशमा बस्नुभएकोले (जापानमा ठेगाना नभएकोले) मात्र कर छुट भएको हो भने योग्य हुनुहुन्न।
- विद्यार्थी बाल कल्याण संस्था (आमा-बच्चा सहायता संस्था बाहेक) मा बस्छ वा पालनपोषण अभिभावकसँग बस्छ, र शैक्षिक भ्रमण खर्च वा विशेष पालनपोषण खर्चको सार्वजनिक भुक्तानी पाउँछ भने योग्य छैन।

4 आवेदन अवधि र आवेदन गर्ने तरिका

<आवेदन अवधि>

मंगलबार, अगस्ट 25, 2026 – मंगलबार, डिसेम्बर 15, 2026

<कहाँ बुझाउने>

जुलाई 1, 2026 मा विद्यार्थी पढ्ने (पढेको) स्कूलको कार्यालय (jimushitsu)

- विद्यार्थीले जुलाई 2 वा सोपछि स्कूल छोडे वा परिवर्तन गरे पनि, जुलाई 1 को समयमा पढिरहेको स्कूलमा आवेदन दिनुहोस्।
- कागजात जाँच गरिन्छ, त्यसैले चाँडो बुझाउनुहोस्।

※ खानागावा प्रिफेक्चरल हाई स्कूलमा पढ्ने (पढेका) विद्यार्थीले सामान्यतया अनलाइन प्रणाली (e-kanagawa) मा आवेदन दिनुहोस्।

- अनलाइन आवेदन असम्भव वा धेरै गाह्रो छ भने, कागजको आवेदन फारम (shinseisho) बाट पनि आवेदन दिन सकिन्छ। स्कूलका कर्मचारीलाई भन्नुहोस्।
- अनलाइन आवेदन गर्ने तरिका वित्त विभागको वेबसाइट (https://www.pref.kanagawa.jp/docs/en7/cnt/f531013/) मा छ।

5　कसरी र कहिले भुक्तानी हुन्छ

<भुक्तानी तरिका>

○**ट्युसन बाहेकका स्कूल खर्च नतिरेको छ भने, छात्रवृत्ति कोष (shogaku kyufukin) को रकम नतिरेको रकममा मिलान गर्न प्रयोग गरिन्छ**।

- ट्युसन बाहेकका स्कूल खर्च नतिरेको छ कि छैन भनी प्रधानाध्यापकले पुष्टि गर्नुपर्छ।

○पैसा आवेदन फारममा लेखिएको बैंक खातामा जम्मा गरिन्छ।

<भुक्तानी समय>

○आवेदन दिएको महिनाको **2–3 महिनापछि, महिनाको अन्त्यतिर** दिने योजना छ

- धेरै मानिसले एकैपटक आवेदन दिएमा भुक्तानी ढिलो हुन सक्छ।

6 चाहिने कागजात


आफ्नो आवेदन वर्गअनुसारका कागजात बुझाउनुहोस्।

आवेदन वर्ग	आवेदन फारम	सार्वजनिक सहायता प्रमाणपत्र	कर प्रमाणपत्र आदि	राष्ट्रियता कागजात	पासबुकको प्रतिलिपि आदि	अधिकार-पत्र
सार्वजनिक सहायता	●	●	-	●	●	▲ (※)
कर लाग्ने / कर छुट	●	-	●	●	●	▲ (※)
विवरण	अगाडि: P9 पछाडि: P10	P11	P12	P13	P14	P15

※ अधिकार-पत्र (ininjo) **खानागावा प्रिफेक्चरल स्कूल बाहेकका राष्ट्रिय/सार्वजनिक हाई स्कूल**मा पढ्ने र ट्युसन बाहेकका स्कूल खर्च **नतिरेका** विद्यार्थीले मात्र बुझाउनुपर्छ।

- प्रिफेक्चरल हाई स्कूलमा सामान्यतया अनलाइन प्रणाली (e-kanagawa) मार्फत आवेदन गरिन्छ। आवेदन फारमबाहेक सबै कागजातको डिजिटल फाइललाई अनलाइन प्रणालीमा अपलोड गर्नुहोस्।

6-1-1　आवेदन फारम (अगाडि) (सबैले बुझाउने)



第１号様式　　高校生等奨学給付金受給申請書　　年　月　日

殿

次のとおり、高校生等奨学給付金の受給を申請します。

【１】申請者について

保護者１	フリガナ / 氏名		高校生等との関係	□親権者（父）□親権者（母）□未成年後見人 □未成年後見人である里親 □主たる生計維持者 □生徒本人 □その他（　）
	住所	〒 神奈川県	日中連絡が取れる電話番号	
保護者２	フリガナ / 氏名		高校生等との関係	□親権者（父）□親権者（母）□未成年後見人 □未成年後見人である里親 □主たる生計維持者 □生徒本人 □その他（　）

【２】申請区分

通常給付	□①生活保護受給世帯（生業扶助の高等学校等就学費を７月１日時点で受給している）
	□②住民税非課税世帯
	□③令和８年度県民税・市民税所得割額合計100円～105,499円の世帯
	□④令和８年度県民税・市民税所得割額合計105,500円～182,499円の世帯
家計急変	□家計急変により保護者等の収入が減少した世帯

生活保護受給世帯であるにもかかわらず、②の世帯区分で申請した場合、奨学給付金を返還していただきます。

【３】高校生等の状況

フリガナ / 氏名		生年月日	□平成 □西暦	年　月　日
在学する学校	学校の名称	立	課程	□全日制 □定時制 □通信制
	在学期間	自　年　月　日　～至　年　月　日	在学年	年

過去の高等学校等における在学期間	学校名	在学期間	課程	在学中に給付金を受給した回数
		～		□なし □１回 □２回 □３回 □４回 □不明
	学校名	在学期間	課程	在学中に給付金を受給した回数
		～		□なし □１回 □２回 □３回 □４回 □不明

【４】国籍・在留資格

□	① 日本国籍
□	② 特別永住者
□	③ 永住者
□	④ 日本人の配偶者等
□	⑤ 永住者の配偶者等
□	⑥ 定住者のうち将来永住する意思がある
□	⑦ 家族滞在のうち、日本国の小学校、中学校を卒業した者であって、高校等卒業後に日本で就労して定着する意思がある
□	⑧ 上記以外（令和８年度新入生で在留資格「留学」除く）

（④～⑧のかたのみ記入）在留期間満了日　年　月　日

⑥、⑦において意思がない場合は、⑧になります。⑧に該当する場合で、令和８年度新入生で在留資格が「留学」の場合は、本給付金は対象外となります。

【５】振込先口座

振込先口座	金融機関名	銀行・信用金庫 信用組合・農協	金融機関コード	支店名等	本店・支店・本所・支所・出張所	支店コード
	預金種目	普通・当座・貯蓄	口座番号		口座名義人（申請者）	

【県使用欄】

保護者１所得割額	保護者２所得割額	所得割合算額（★）
支給決定額	**学校充当額**	**申請者入金額**

全日・定時		通信		
★=0円⇒143,700円		★=0円⇒50,500円		生活保護
0＜★＜105,500円⇒47,900円		0＜★＜105,500円⇒16,830円		32,300円
105,500円≦★＜182,500円⇒35,930円		105,500円≦★＜182,500円⇒12,630円		

【1】आवेदकबारे

- अभिभावकको नाम, ठेगाना र विद्यार्थीसँगको नाता लेख्नुहोस्।

【2】आवेदन वर्ग

- आफ्नो परिवार वर्गमा चिह्न (☑) लगाउनुहोस्।

【3】विद्यार्थीबारे

- विद्यार्थीको नाम, जन्म मिति, स्कूल आदि लेख्नुहोस्।

【4】राष्ट्रियता / निवास स्थिति

- विद्यार्थीको राष्ट्रियता वा निवास स्थितिमा चिह्न (☑) लगाउनुहोस्।
- ④–⑧ लागू हुन्छ भने, दायाँतिरको “बसाइ अवधि समाप्ति मिति” पनि लेख्नुहोस्।

【5】भुक्तानीका लागि बैंक खाता

- छात्रवृत्ति कोष पाउन चाहेको बैंक खाताको विवरण लेख्नुहोस्।

6-1-2　आवेदन फारम (पछाडि) (सबैले बुझाउने)



【6】申請書とともに提出する書類。
○生業扶助を受けていることがわかる書類もしくは課税状況がわかる書類について

所得状況	提出書類	備考
□ 生活保護世帯	生活保護受給証明書	福祉事務所が７月１日以降に発行した生活保護受給証明書
□ 生活保護世帯以外	次の者の（非）課税証明書等	
	□ ①親権者（両親）２名	生徒が未成年（18歳未満）で、親権者が２人存在する場合 ※単身赴任の場合も２名分必要
	□ ②親権者１名	離婚、死別等により親権者が１名の場合 親権者は２名いるが、ＤＶや養育放棄、失踪等の事情によりやむを得ず、一方の親権者分を提出できない場合　等
	□ ③未成年後見人	親権者が存在せず、未成年後見人が選任されている場合 ※複数人選任されている場合は全員分
	□ ④主たる生計維持者２名	生徒が在学中に成人した場合で、成人直前の未成年の時点から申請の時点まで生計を維持する者に変更がない場合
	□ ⑤主たる生計維持者１名	生徒が未成年だが、親権者又は未成年後見人が存在しない場合 入学時点で生徒が成人であったが、主たる生計維持者が存在する場合 生徒が成人であり、未成年の時点で親権者が１人だった場合 生徒が成人であり、未成年の時点で親権者又は未成年後見人が存在しなかった場合 等
	□ ⑥生徒本人	親権者、未成年後見人又は主たる生計維持者のいずれも存在しない場合であり、成人に達している場合　等

次の理由により、上表の書類を提出しません。
□ 所得確認の対象が生徒本人（親権者、未成年後見人又は主たる生計維持者のいずれも存在しない場合）であるが、未成年で道府県民税所得割・市町村民税所得割が課されるだけの収入を得ていないため

○国籍・在留資格等が確認できる書類について

国籍/在留資格	提出書類		備考
□ 日本国籍	住民票の写し（原本）		
□ 特別永住者	・特別永住者証明書の写し ・住民票の写し（原本）	のいずれか	・特別永住者証明書をコピーしたもの ・住民票の写しは国籍・在留資格等の記載があるもの
□ 永住者 □ 日本人の配偶者 □ 永住者の配偶者 □ 定住者 □ 留学（新入生除く）	・在留カードの写し ・住民票の写し（原本）	のいずれか	・在留カードはコピーしたもの ・住民票の写しは国籍・在留資格・在留期間等の記載があるもの ※永住者については、住民票の写しに在留期間の記載は不要です。 ※定住者は、将来永住する意思がある者が対象です。
□ 家族滞在	・在留カードの写し ・住民票の写し（原本） 及び、以下のいずれか一つ 日本の小学校及び中学校の ・卒業証書の写し ・卒業証明書の原本	のいずれか のいずれか	・在留カードはコピーしたもの ・住民票の写しは国籍・在留資格・在留期間等の記載があるもの ※小学校、中学校とは、特別支援学校（小・中）又は義務教育学校の前後期及び中等教育学校の前期課程も含みます。 ※高校等卒業後、日本で就労して在留する意思がある者が対象です。

次の事項に同意する場合は、□にチェックを付けてください。
□ 高校生等就学支援金等の申請で提出した課税証明書や在留カードの写し等を使用して高校生等奨学給付金の支給審査をすることに同意します。

【7】誓約・委任

次のことを確認し、誓約（委任）します。　　申請者氏名

・申請書の記載内容は事実に相違ありません。また、この申請書に虚偽の記載があった場合は、神奈川県教育委員会の求めに従いその全額を即時返還します。
・**神奈川県以外の都道府県に高校生等奨学給付金の申請は行っておりません。**
・この申請の対象となる高校生等は、７月１日時点※、児童福祉法による児童入所施設措置費等（見学旅行費又は特別育成費（母子生活支援施設の高校生等を除く。））の支弁対象ではありません。※家計急変申請は事由発生日の属する翌月の初日
・**（非課税世帯のみ）７月１日時点で生活保護（生業扶助（高等学校等就学費））を受けていません。**
・**（申請者が主たる生計維持者の場合のみ）**私と高校生等本人は、健康保険法等における扶養者と被扶養者の関係と同等の関係にあります。
・授業料以外に学校へ納付する納付金等に未済があるときは、私が支給を受ける高校生等奨学給付金をその未済に充てることについて学校長に委任します。
（注）神奈川県立学校以外の学校では、上記の下線部を次のように変更して使用。

【学校使用欄】
学校受付印

次のことについて確認しました。
・□　　年７月１日現在、　本校の（□全日制 □定時制 □通信制）課程に在学します。
・（□就学支援金 □学び直し支援金）の受給資格を有する（補助要件を満たす）者です。
・納付金等について、（□未済なし / □未済あり（　　円）

学校の名称　　学校長の氏名　　職印

学校の電話番号

【6】आवेदन फारमसँग बुझाउने कागजात

○<u>पेशागत सहायता (seigyo fujo) पाएको देखाउने, वा तपाईंको कर स्थिति देखाउने कागजात</u>

- आफ्नो आम्दानी स्थितिमा चिह्न (☑) लगाउनुहोस्।
- टिप्पणी पढेर, बुझाउने कागजातमा चिह्न (☑) लगाउनुहोस्।

○<u>राष्ट्रियता / निवास स्थिति देखाउने कागजात</u>

- मेल खाने राष्ट्रियता / निवास स्थितिमा चिह्न (☑) लगाउनुहोस्।

【ट्युसन सहायता कोषका लागि बुझाएका कागजातको संयुक्त प्रयोग बारे】

- हाई स्कूल ट्युसन सहायता कोषका लागि बुझाएका कागजात प्रयोग गर्न सहमत हुनुहुन्छ भने ☑ लगाउनुहोस्।

【7】प्रतिज्ञा र अधिकार प्रदान

- विषयवस्तुमा विमति छैन भने, आवेदकको नाम (अभिभावकको नाम) लेखेर प्रतिज्ञा र अधिकार प्रदान गर्नुहोस्।

6-2 सार्वजनिक सहायता प्राप्ति प्रमाणपत्र (लागू हुनेले मात्र)

○**जुलाई 1, 2026** मा **पेशागत सहायता (हाई स्कूल अध्ययन खर्च)** पाइरहेको **देखाउने तलको कुनै एक** प्रमाणपत्र

① पेशागत सहायता प्राप्ति प्रमाणपत्र (seigyo fujo jukyu shomeisho) (हाई स्कूल अध्ययन खर्च) (फारम नं. 2)

※ स्कूल वा प्रिफेक्चरको वेबसाइटबाट फारम लिनुहोस्, र कल्याण कार्यालय (fukushi jimusho) मा प्रमाणित गराउनुहोस्।

② कल्याण कार्यालयले जारी गरेको, पेशागत सहायता (हाई स्कूल अध्ययन खर्च) पाएको देखाउने सार्वजनिक सहायता प्राप्ति प्रमाणपत्र (seikatsu hogo jukyu shomeisho)

6-3　कर प्रमाणपत्र आदि (लागू हुनेले मात्र)

○आ.व. 2026 मा लागेको आयमा आधारित निवासी करको जम्मा (प्रिफेक्चर + नगरपालिका) देखाउने तलको कुनै एक कागजात

(**<u>सबै अभिभावकको</u>** बुझाउनुपर्छ)

① आ.व. 2026 को कर (कर-छुट) प्रमाणपत्र ((hi)kazei shomeisho)

(नगरपालिका र प्रिफेक्चर निवासी कर)

※स्थानीय पालिका कार्यालयबाट लिनुहोस्।

② आ.व. 2026 को निवासी कर सूचना (tokubetsu choshu zeigaku tsuchisho)

※कम्पनीका कर्मचारी र सरकारी कर्मचारीले यो जुन महिनातिर आफ्नो रोजगारदाताबाट पाउँछन्।

③ आ.व. 2026 को निवासी कर भुक्तानी सूचना (zeigaku kettei / nozei tsuchisho)

※स्वरोजगार व्यक्तिले यो जुन महिनातिर नगरपालिका वा गाउँपालिकाबाट पाउँछन्।

6-4 राष्ट्रियता कागजात (सबैले बुझाउने)

विद्यार्थीको राष्ट्रियता र निवास स्थिति देखाउने कागजात बुझाउनुहोस्। ※अभिभावकको होइन।

राष्ट्रियता / निवास स्थिति	बुझाउने कागजात	टिप्पणी
जापानी नागरिक	निवास प्रमाणपत्रको प्रतिलिपि (सक्कल; फोटोकपी मान्य हुँदैन)	・जनवरी 1, 2026 वा सोपछि जारी निवास प्रमाणपत्र बुझाउनुहोस्
विशेष स्थायी बासिन्दा	・विशेष स्थायी बासिन्दा प्रमाणपत्रको प्रतिलिपि, वा ・निवास प्रमाणपत्रको प्रतिलिपि (सक्कल) ※राष्ट्रियता, निवास स्थिति, बसाइ अवधि आदि देखिनुपर्छ	・जनवरी 1, 2026 वा सोपछि जारी निवास प्रमाणपत्र बुझाउनुहोस्
स्थायी बासिन्दा जापानी नागरिकको पति/पत्नी वा सन्तान स्थायी बासिन्दाको पति/पत्नी वा सन्तान दीर्घकालीन बासिन्दा विद्यार्थी (नयाँ विद्यार्थी बाहेक)	・निवास कार्डको प्रतिलिपि, वा ・निवास प्रमाणपत्रको प्रतिलिपि (सक्कल) ※राष्ट्रियता, निवास स्थिति, बसाइ अवधि आदि देखिनुपर्छ	・जनवरी 1, 2026 वा सोपछि जारी निवास प्रमाणपत्र बुझाउनुहोस् ・दीर्घकालीन बासिन्दा: जापानमा स्थायी रूपमा बस्ने इच्छा भएको मानिएकाले मात्र
आश्रित(पारिवारिक भिसा)	・निवास कार्डको प्रतिलिपि, वा ・निवास प्रमाणपत्रको प्रतिलिपि (सक्कल) ※राष्ट्रियता, निवास स्थिति, बसाइ अवधि आदि देखिनुपर्छ माथिका, र जापानी प्राथमिक/जुनियर हाई स्कूलको यीमध्ये एक: ・दीक्षित प्रमाणपत्र(सोचुग्योउ स्योउस्यो) को प्रतिलिपि, वा ・दीक्षित प्रमाणपत्र(सोचुग्योउ स्योउमेइस्यो)	・जनवरी 1, 2026 वा सोपछि जारी निवास प्रमाणपत्र बुझाउनुहोस् ・“प्राथमिक/जुनियर हाई स्कूल” मा विशेष सहायता स्कूल (प्राथमिक/जुनियर हाई), अनिवार्य शिक्षा स्कूल, र माध्यमिक स्कूलको प्रारम्भिक पाठ्यक्रम पनि पर्छन् ・हाई स्कूलपछि जापानमा काम गरेर बस्ने इच्छा भएकाले मात्र

6-5 पासबुकको प्रतिलिपि आदि (सबैले बुझाउने)


○**खाताधनीको नाम देखिने** पासबुकको प्रतिलिपि (tsucho no utsushi) आदि कागजात

○**विद्यार्थी वा अभिभावकको खाता** छान्नुहोस्।

※अरू कसैको खाता छान्नुहुन्छ भने, अधिकार-पत्र बुझाउनुहोस्।

※पैसा निश्चित रूपमा जम्मा हुन सक्ने खाता छान्नुहोस्।

6-6 अधिकार-पत्र (खानागावा प्रिफेक्चरल स्कूल बाहेकका राष्ट्रिय/सार्वजनिक हाई स्कूलका विद्यार्थीले मात्र बुझाउने)



（保護者等→学校長）

年　月　日

学校長　殿

委　任　状

私が支給を受ける高校生等奨学給付金を授業料以外に学校へ納付する下記納付金・積立金の未済に充てることについて了承し、その事務手続きを学校長に委任します。

申請者住所	〒
ふりがな	
申請者氏名	
ふりがな	
申請対象の高校生等氏名	
納付金・積立金の未済額（授業料以外）	円

※　授業料以外に学校へ納付する納付金・積立金に未済がある場合に、保護者の方から学校長へ提出する委任状です。未済がなければ、提出の必要はありません。

○यी अवस्थामा अधिकार-पत्र बुझाउनुहोस्:

- **विद्यार्थी खानागावा प्रिफेक्चरल स्कूल बाहेकका राष्ट्रिय/सार्वजनिक हाई स्कूलमा पढ्छ**, र
- विद्यार्थीको ट्युसन बाहेकका स्कूल खर्च **नतिरेको छ** भने **स्कूललाई** बुझाउनुहोस्।

○खानागावा प्रिफेक्चरल स्कूलका विद्यार्थीले बुझाउनु पर्दैन।

○आवेदकको (अभिभावकको) ठेगाना र नाम, विद्यार्थीको नाम, र ट्युसन बाहेकका स्कूल खर्चको नतिरेको रकम लेख्नुहोस्।

7 अन्य

- **प्रकोपमा स्कूल पोशाक हराए वा बिग्रिए थप भुक्तानी**

तपाईँको परिवारले छात्रवृत्ति कोष पाउँछ, र स्कूलले अनिवार्य गरेको पोशाक प्रकोप आदिमा हराएको वा बिग्रिएकोले फेरि किन्नुपर्छ भने, रकम बढ्न सक्छ।

विस्तृत जानकारीका लागि विद्यार्थीको स्कूल वा खानागावा प्रिफेक्चर शिक्षा बोर्ड, वित्त विभागमा सम्पर्क गर्नुहोस्।

८ सम्पर्क

- विस्तृत जानकारी र आवेदन फारम प्रिफेक्चरको वेबसाइट वा स्कूल कार्यालयमा पाइन्छ।
- **प्रिफेक्चरको वेबसाइट: https://www.pref.kanagawa.jp/docs/en7/cnt/f531013/**
- **सम्पर्क: तपाईंको हाई स्कूलको कार्यालय वा**

खानागावा प्रिफेक्चर शिक्षा बोर्ड,
वित्त विभाग, हाई स्कूल छात्रवृत्ति समूह
फोन: 045-210-8251 (सिधा लाइन)